मिति : २०८१/०६/०७ गते

समय : बिहान ११:०० बजे

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ३८ औं **बैठक** नगर प्रमुख श्री पुष्प बादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | ईश्वरीकुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्रकुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

अन्य उपस्थिति

देव बहादुर बस्नेत - प्रशासन सहायक -

**मिति २०८१/०६/०७ गतेको नगर कार्यपालिकाको ३८ औं बैठकमा पेस भएका प्रस्तावहरू**

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने । | |
| ३ | बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ लाई स्वीकृत गर्ने । | |
| ४ | खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने । | |
| ५ | वर्षाका कारण जीर्ण सडकहरूको मर्मतसम्भार गर्ने सम्बन्धी प्रस्ताव | वर्षाका कारण यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका अवरुद्ध तथा जीर्ण सडकहरू मर्मत सम्भार गर्ने । | |
| ६ | प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिका स्थित जहारीखोला, नार्जी खोला र भेरी नदी बगर क्षेत्रको विभिन्न घाटहरूबाट ढुङ्गा, गिट्टी र बालुवाको दीगो सङ्कलन / उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत गर्ने । | |
| ७ | स्यार्पु हाइड्रो पावर कम्पनीमा सेयर खरिद सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार स्यार्पु हाइड्रो पावर कम्पनीमा सेयर खरिद गर्ने । | |
| ८ | रिक्त विभिन्न पदहरूमा खुला विज्ञापन गरी पदपूर्ति गर्ने सम्बन्धी प्रस्ताव । | यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका रिक्त अमीन, हेभी सवारी चालक, हलुका सवारी चालक, सहचालक र युवा सहजकर्ताको खुला विज्ञापन गरी पदपूर्ति गर्ने । | |
| ९ | ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गरी बिक्रीवितरण गर्ने सम्बन्धी प्रस्ताव । | २०८० कार्तिक १७ गते राति जाजरकोट रामिडाँडा केन्द्रबिन्दु भइ गएको भूकम्पका कारण यस क्षेत्रका सार्वजनिक संरचनाका साथै निजी आवासहरूमा समेत क्षति पुगेर पुनर्निर्माणको कार्य भइरहेकोले ठेक्का बन्दोवस्त गरी बिक्रीवितरण गर्न लामो समय लाग्ने भएकोले बोलपत्रदाता छनोट नभएसम्म नगरपालिका कार्यालयले नगर प्रहरी परिचालन गरी उक्त नदीजन्य पदार्थ बिक्रीवितरण गर्ने । | |

गिरिराज ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी

CamScanner

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १० | चौरजहारी रङ्गशाला निर्माणका लागि खेल पूर्वाधार निर्माण र सञ्चालनको लागि जग्गा प्रयोगको सहमति दिने सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिका फुटबल रङ्गशाला तथा खेल पूर्वाधार निर्माणका लागि यस चौरजहारी नगरपालिकाको नाममा रहेका जगामा खेलकुद पूर्वाधार तथा संरचना निर्माणका लागि कर्णाली प्रदेश खेलकुद विकास परिषद् वीरेन्द्रनगर, सुर्खेतमा सहमति दिएको व्यहोरा लेखि पठाउने। | |
| ११ | विविध समसायिक विषयमा छलफल गर्ने सम्बन्धी प्रस्ताव। | १. चौरजहारी नगरपालिकाको स्वामित्त्व रहेका नगरपालिका क्षेत्रभित्रका वसपार्कका साथै वडा नं. १ स्थित तरकारी सङ्कलन केन्द्र भवन प्रतिस्पर्धाका आधारमा बढाबढमा बहालमा दिने। | |

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

[illegible] थापा
नगर प्रमुख

CamScanner

**मिति २०८१/०६/०७ गतेको ३८ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू**

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको स्वामित्त्वमा रहेका बसपार्कलाई व्यवस्थित ढङ्गबाट सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ बमोजिम बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'चौरजहारी खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाबाट सञ्चालन हुने खानेपानी सम्बन्धी योजना तथा आयोजनाहरु सञ्चालन, मुहान सम्बन्धी विवादहरूको व्यवस्थापन तथा खानेपानी सम्बन्धी विविध कार्यक्रम व्यवस्थित तरवले सञ्चालन गर्न बनेको चौरजहारी नगरपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी विधेयक, २०८१ मा छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'वर्षाका कारण जीर्ण सडकहरूको मर्मतसम्भार गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा वर्षाका कारण यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका अवरुद्ध तथा जीर्ण सडकहरू मर्मत सम्भार गर्न १९ औं नगरसभाबाट स्वीकृत बजेटको सीमा र प्राविधिकको लागत अनुमानको परिधिमा रही दसैं र तिहार अगावै सडक यातायात सुचारु गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाइ जस्ता कार्य अमानतबाट काम गर्न वा उपभोक्ता समितिबाट काम गराउन सकिने प्रावधानबमोजिम वडागत रूपमा सडक मर्मतसम्भार शीर्षकको बजेट उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प दादो
नगर प्रमुख

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा रुकुम (पश्चिम) जिल्ला चौरजहारी नगरपालिका स्थित जहारीखोला, नार्जी खोला र भेरी नदी बगर क्षेत्रको विभिन्न घाटहरूबाट ढुङ्गा, गिट्टी र बालुवाको दीगो सङ्कलन / उत्खनन् कार्यका लागि चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रस्तावक र श्री.आर. इन्जिनियरिङ कन्सलटेन्सी एण्ड ट्रेनिङ सेन्टर प्रा.लि. ले तयार गरेको ५२ पृष्ठको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ **'स्यार्पु हाइड्रो पावर कम्पनीमा सेयर खरिद सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार स्यार्पु पावर कम्पनीको सेयर खरिद गरी नगरपालिकाको नियमित आम्दानीको दीगो स्रोत सुनिश्चत गरी आन्तरिक राजश्व वृद्धि गर्न स्यार्पुपावर कम्पनीबाट सेयर कित्ता ८० हजारको कुल सेयर रकम रु. ८०,००,०००।- (अक्षेरुपी रु. असी लाख) सेयर खरिद गरी सो वापतको रकम उक्त कम्पनीलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ **'रिक्त विभिन्न पदहरूमा खुला विज्ञापन गरी पदपूर्ति गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका रिक्त अमीन-१, हेभी सवारी चालक-१, हलुका सवारी चालक-१, सहचालक-३ जनाका साथै रोजगारीका लागि महिला लक्षित क्लव सञ्चालन मापदण्ड, २०८१ को दफा १६ बमोजिम युवा सहजकर्ता-१, को खुला विज्ञापन गरी करार पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** : प्रस्ताव नं. ९ **'ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गरी विक्रीवितरण गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका जहारीखोला, नार्जी खोला र भेरी नदी बगर क्षेत्रको विभिन्न घाटहरूबाट ढुङ्गा, गिट्टी र बालुवाको दीगो सङ्कलन / उत्खनन् कार्यका लागि बोलपत्र आह्वान गरी विक्रीवितरणको व्यवस्था मिलाउने तर यस क्षेत्रभित्र २०८० कार्तिक १७ गते राति जाजरकोट रामिडाँडा केन्द्रबिन्दु भइ गएको भूकम्पका कारण यस क्षेत्रका सार्वजनिक संरचनाका साथै निजी आवासहरूमा समेत क्षति पुगेर पुनर्निर्माणको कार्य भइरहेकोले ठेक्का बन्दोवस्त गरी विक्रीवितरण गर्न लामो समय लाग्ने भएकोले बोलपत्रदाता छनोट नभएसम्म नगरपालिका कार्यालयले नगर प्रहरी परिचालन गरी उक्त नदीजन्य पदार्थ बिक्रीवितरण गर्ने र बिक्री भएको परिमाण घटाइ बोलपत्रदातासँग सम्झौता गर्ने निर्णय गरियो ।

... प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प दाहा
नगर प्रमुख

**निर्णय नं. १०** : प्रस्ताव नं. १० **'चौरजहारी रङ्गशाला निर्माणका लागि खेल पूर्वाधार निर्माण र सञ्चालनको लागि जग्गा प्रयोगको सहमति दिने सम्बन्धमा'** छलफल गर्दा चौरजहारी नगरपालिका अन्तर्गत वडा नं. २ मा रहेका देहायबमोजिमका कित्ता र क्षेत्रफलका जग्गा श्री शीलत माध्यमिक विद्यालय चौरजहारी रुकुम (पश्चिम) लाई कर्णाली प्रदेश स्तरीय फुटबल रङ्गशाला निर्माणका लागि सहमति दिइएकोमा आवश्यक प्रक्रिया पूरा गरी जग्गा उपयोगको प्रमाणपत्र प्राप्त गर्न नसकेकोले उक्त जग्गा उपयोग गर्न दिने निर्णय र सहमति रद्ध गरी उक्त कित्ता र क्षेत्रफलका जग्गा अब चौरजहारी नगरपालिका फुटबल रङ्गशाला तथा खेल पूर्वाधार निर्माणका लागि यस चौरजहारी नगरपालिकाको नाममा रहेका देहायबमोजिमका कित्ता र क्षेत्रफल भएका जग्गामा खेलकुद पूर्वाधार तथा संरचना निर्माणका लागि कर्णाली प्रदेश खेलकुद विकास परिषद् वीरेन्द्रनगर, सुर्खेतमा सहमति दिएको व्यहोरा लेखि पठाउने निर्णय गरियो।

**तपसिल**

| क्र.स. | जग्गा धनीको नाम | जग्गा रहेको ठेगाना | | कित्ता नं. | क्षेत्रफल (वर्ग मीटरमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | हाल | साविक | | | |
| १ | चौरजहारी नगरपालिका रुकुम (पश्चिम) | चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम) | विजयश्वरी गा.वि.स. ५, रुकुम | १९६८ | ६०५ | |
| | | | | २३०० | १५१.२५ | |
| | | | | ३१५२ | ५० | |
| | | | | ३१५३ | ५० | |
| | | | | २२९९ | १५१.२५ | |
| | | | | ३०३१ | ७५ | |
| | | | | २८४७ | ८० | |
| | | | | २८४८ | ७१.२५ | |
| कुल जग्गा क्षेत्रफल | | | | | १२३३.७५ | |

**निर्णय नं. ११** : प्रस्ताव नं. ११ **'विविध समसायिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको स्वामित्त्व रहेका नगरपालिका क्षेत्रभित्रका वसपार्कका साथै वडा नं. १ स्थित तरकारी सङ्कलन केन्द्र भवन प्रतिस्पर्धाका आधारमा बढाबढमा बहालमा दिने निर्णय गरियो।

**यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

CamScanner